"कृषि, स्वास्थ्य, शिक्षा, पर्यटन र रोजगार, के.आई.सिंह विकास निर्माणको आधार"

# पाँचवर्षे रणनीतिक योजना

## (आ.व.२०८१/८२ देखी २०८५/८६ सम्म)

## के.आई.सिंह गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

वायल,डोटी

के.आई.सिंह गाउँपालिका
K.I.Singh Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
वायल, डोटी
Wayal, Doti
सुदूरपश्चिम प्रदेश, नेपाल
Sudurpachim Province,

प.सं: २०८०/०८१
चलानी नं:

# मन्तव्य

दिर्घकालिन सोच २१०० अनुसार "समृद्ध नेपाल, सुखी नेपाली" नारालाई साकार पार्न सोहौं पञ्चवर्षिय योजना २०८१/०८२ देखी २०८५/०८६ तर्जुमा गरीएको छ। सोहौं योजनाले "सुशासन, सामाजिक न्याय र समृद्धि" हासिल गर्ने सोच राखेको छ। सो सोच बमोजिम अघि बढ्न गाउँपालिका भित्रका रोजगारीमा संलग्न हुन चाहने व्यक्तिहरुलाई मध्यनजर गर्दै आन्तरिक रोजगारी प्रवर्द्धन गर्नु, स्थानीय जनशक्तिको विकास र परिचालनका साथ उपलब्ध ज्ञान, सीप, पूँजी तथा प्रविधी, पूर्वाधार लगायतका श्रोतहरुको प्रयोगबाट उत्पादन र उत्पादकत्वको प्रतिस्पर्धात्मक क्षमता अभिबृद्धि गर्दै जानुपर्ने देखिन्छ। अर्कोतिर गुणस्तरीय मानव पूँजीको निर्माण, उद्यमशील कार्यसंस्कृतिको विकास गर्नुपर्ने आजको आवश्यकता हो भने अर्कोतर्फ बिद्यमान श्रम, श्रोत र मानव पूँजीको प्रभावकारी र महत्तम उपयोगका साथ स्थानीय आर्थिक विकासको जगलाई मजबुत पार्दै लानुपर्ने जरुरी देखिन्छ। नागरिकको स्वच्छ, शिक्षित, मर्यादित र उच्च जीवस्तरको सुखी नागरिकको बसोवास भएको गाउँपालिका निर्माणको लागि गरिबी निवारण र आर्थिक सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माणको चाहनालाई पूरा गर्ने महत्वपूर्ण माध्यम भनेको आर्थिक समृद्धि हो।

गाउँपालिका भित्र सम्पादन गरिने कार्यहरुलाई सरल, सहज र प्रभावकारी बनाउनको लागि रोजगार सेवा केन्द्र लगायत अन्य विषयगत शाखाको उत्तिकै महत्व तथा जिम्मेवारी रहेको देखिन्छ।आर्थिक समृद्धि हासिल गर्न स्थानीय तहमा रोजगारीका पर्याप्त अवसरहरुको सृजना गरी उपलब्ध जनशक्तिको महत्तम उपयोग गर्दै आर्थिक विकासमा दरिलो योगदान पुर्याउन, गाउँपालिकामा मानव पूँजीको निर्माण तथा बिद्यमान मानव पूँजीको सम्भावनाको पूर्ण उपयोगका साथ आगामी ५ बर्ष गाउँपालिकाका योजना तथा कार्यक्रमहरुलाई यस रणनीतिसंग सामन्जस्यता कायम गरी उत्पादनमुलक रोजगारी सिर्जनातर्फ केन्द्रित गर्न तथा आर्थिक उपलब्धि हासिल गर्नेतर्फ केन्द्रित गराउनका लागि यो रणनीतिक योजना तर्जुमा गरि कार्यान्वयनमा ल्याउन लागिएको हो। यसलाई प्रभावकारी कार्यान्वयन गर्न स्पष्ट समय सिमा सहितको कार्ययोजना समेत समावेश गरीएको छ।

यो पञ्चवर्षिय रोजगार रणनीतिक योजना तयार गर्ने कार्यमा आफ्नो अमूल्य सुझाव प्रदान गरी सहयोग गर्ने शिक्षक,बुद्धिजीवी, सरोकारवाल पक्ष, जनप्रतीनिधिहरु ,गाउँपालिकाका सम्पूर्ण शाखा प्रमुख तथा कर्मचारीहरु तथा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा योगदान पुर्याउनु हुने सम्पूर्ण महानुभावहरुलाई धन्यवाद दिन चाहन्छु।

लोकेन्द्र बहादुर शाही
गाउँपालिका अध्यक्ष

असार, २०८१

# विषय सूची


कार्यकारी सारांश

खण्ड-१ रणनैतिक सन्दर्भ (Strategic Context) १

१.१ पृष्ठभूमि (Background) १

१.१.१ रोजगारी सम्बन्धी कानूनी व्यवस्था २

१.१.२ रोजगारीको वर्तमान अवस्था ३

१.२ रोजगार रणनीतिको आवश्यकता/औचित्य ३

१.३ अध्ययन पद्धति ४

१.४ अध्ययनको क्षेत्र ५

१.५ सीमाहरु ५

१.६ रणनीतिक योजनको स्वरुप ७

खण्ड-२ वर्तमान अवस्थाको विश्लेषण (Current situation Analysis ८

खण्ड-३ रणनैतिक विश्लेषण (Strategic Analysis) ११

खण्ड-४ रणनैतिक सवालहरु (Strategic issues) १२

खण्ड-५ दुरदृष्टि,ध्येय र उद्धेश्य (Long-term Vision, Mission and objective) १३

खण्ड-६ रणनैतिक लक्ष्यहरु (Strategies goals) १५

खण्ड-७ रणनैतिक स्तम्भ/ प्रमुख रणनीतिहरु (Major Strategies) १६

खण्ड-८ पाँच वर्षको रणनैतिक कार्ययोजना (Strategic Action Plan) १९

खण्ड-९ श्रोत परिचालन र बजेट व्यवस्थापन (Resource mobilization and budget management) २९

खण्ड-१० रणनीतिक योजनाको निर्देशक समिति,अनुगमन र मूल्यङ्कन सम्बन्धी व्यवस्था(Steering committee, Monitoring and Evaluation) ३०

खण्ड-११ जोखिम व्यवस्थापन (Risk Management) ३१

अनुसूचीहरु ३३

# खण्ड -१

## रणनैतिक सन्दर्भ (Strategic Context)

### १.१ पृष्ठभूमि (Background)

नेपालको वर्तमान संविधान बमोजिम संघीय संरचना तीन तहको रहने व्यवस्था छ । संघ, प्रदेश र स्थानिय तह गरी तीनै तहका सरकारहरुलाई श्रम तथा रोजगारी सम्बन्धी संवैधानिक अधिकार प्राप्त छ । सबै तहका सरकारहरुले बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगार प्रदान गर्ने आवश्यक रोजगार कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था रहेको छ । स्थानीय तहले आफ्नो क्षेत्रभित्र रोजगारीका सम्भावित अवसरहरुको पहिचान गरि रोजगारीको मागको प्रक्षेपण र आपूर्तिको अनुमान गरी माग र आपूर्ती बीच सन्तुलन कायम गर्न तथा रोजगारीका थप अवसरहरुको सिर्जना गर्न जरुरी रहेको छ । श्रम तथा रोजगारी अन्तरसम्बन्धित भएकोले मुलुकको समग्र आर्थिक अवस्था, रोजगारीका क्षेत्रमा हुने विकास, काम र श्रमिक प्रतिको हेर्ने दृष्टिकोणले पनि यस क्षेत्रलाई प्रभाव पार्ने गरेको देखिन्छ । देशमा उपलब्ध आन्तरिक रोजगारीका अवसरहरुमा बेरोजगार व्यक्तिहरुलाई आकर्षित गर्न काम प्रतिको सम्मान र कार्य गर्ने मर्यादित वातावरण सृजना गर्न सकिएमा देशको श्रम तथा रोजगारीका क्षेत्रमा नेपाली बेरोजगार व्यक्तिहरुलाई नै संलग्न हुने अवस्था रहन्छ ।

नेपालमा प्रत्येक वर्ष करिब पाँच लाख थप श्रमशक्ति श्रम बजारमा प्रवेश गर्ने गर्दछन । नयाँ श्रमशक्तिको लागि पर्याप्त रोजगारीका अवसर सृजना हुन नसकेका कारण श्रमको माग र आपूर्ति बीच ठूलो अन्तर रहेको देखिन्छ । नेपालको आन्तरिक श्रम बजारको प्रशोचन क्षमता न्यून रहेको छ । श्रम बजारमा प्रवेश गर्ने व्यक्तिको संख्याभन्दा कमै मात्रामा रोजगारी सिर्जना हुने गरेको अवस्था छ । परिणामस्वरुप अतिरिक्त श्रमशक्ति वैदेशिक रोजगारीमा जान बाध्य हुने गरेका छन् । नेपालमा जातजातिका आधारमा कामको बाँडफाँड गरिएको हुनाले उपलब्ध आन्तरिक रोजगारीका कतिपय अवसरहरुमा सामाजिक प्रतिष्ठाका कारण युवाहरुलाई आकर्षण गर्न नसकेको अवस्था छ । देशमा आन्तरिक रोजगारीका अवसरलाई व्यवस्थापन गर्न नसकिदा दैनिक करिब १५०० व्यक्ति वैदेशिक रोजगारीमा जाने गरेको देखिन्छ । औसतमा ६० प्रतिशत भन्दा बढी घरधुरीबाट कोही न कोही व्यक्ति वैदेशिक रोजगारीमा रहेको देखिन्छ । नेपालको आन्तरिक श्रम बजारमा श्रमिकको माग आपूर्ति गर्न आवश्यक पर्ने श्रमिकको संख्या, ज्ञान, सीप, योग्यता र अनुभवको आधारमा सीपमूलक श्रमशक्तिको विकास गर्न स्थानीय तहको भूमिका महत्त्वपूर्ण हुने देखिन्छ ।

यस गाउँपालिकामा आन्तरिक रोजगारीका सम्भावित अवसरहरु सृजनामा अहम् भूमिका निर्वाह गर्न सक्ने मुख्य सम्भावित क्षेत्रहरु कृषि क्षेत्र, निर्माण क्षेत्र, उत्पादन क्षेत्र, यातायात क्षेत्र, पर्यटन क्षेत्र, उद्यमशीलता विकास र सीप तथा क्षमता विकास हुन् । उक्त क्षेत्रहरुमा के कति लगानी गर्दा वा के कति लगानी वृद्धि गर्दा आन्तरिक रोजगारी अवसरहरु अधिक रुपमा वृद्धि गर्न सकिन्छ । गाउँपालिकाले के केस्तो रणनीति अपनाउँनु पर्छ वा कुन क्षेत्रलाई मुख्य प्राथमिकतामा राख्नु पर्छ । सम्भावित रोजगारीका क्षेत्रहरुमा गरिएको लगानीलाई प्रभावकारी रुपमा परिचालन गर्न सकेमा दीर्घकालमा त्यसले आन्तरिक रोजगारीमा के कस्तो योगदान गर्न सक्छ, त्यसको आंकलन गर्न जरुरी रहेको छ ।

नेपालमा बढदै गएको बेरोजगारी दरमा कमी ल्याउन स्थानीय स्तरमा कृषि, वन, पर्यटनमा आधारित उद्योगधन्दा कलकारखानाको माध्यमबाट थप रोजगारीका अवसरहरु सृजना गर्नु पर्दछ । अदक्ष तथा सीप नभएका बेरोजगार युवाहरुलाई सीपमूलक तालिमको माध्यमबाट दक्ष एवं सीपयुक्त जनशक्ति तयार गरी उद्योग तथा कलकारखानाहरुमा आपूर्ति गरी औधोगिक उत्पादनमा वृद्धि गर्नुको साथसाथै लघु, घरेलु तथा साना उद्योगहरुको माध्यमबाट स्थानीय स्तरमा उपलब्ध श्रम, सीप, स्रोत र साधनको अधिकतम् परिचालन तथा उपयोग गरी स्थानीय तहभित्रै स्वरोजगारी वा रोजगारीका थप अवसरहरु सिर्जना गर्नु आवश्यक रहेको छ ।

यस गाउँपालिकामा हुने विभिन्न निर्माण क्षेत्रहरुमा आवश्यक दक्ष जनशक्तिको रुपमा काम गर्ने ईलेक्ट्रिसीयन, प्लम्बर, पेन्टर, कारपेन्टर, मैसन, केश कटर र विद्युतिय सामाग्री मर्मत लगायत अन्य श्रमिक मजदुरहरु मध्ये अधिकांश भारतीय मुलुकका रहेका छन्। यी क्षेत्रमा नेपाली श्रमिक मजदुरहरु अदक्ष कामदारको रुपमा काम गर्ने गर्दछन् । यस क्षेत्रमा रोजगारीका सम्भावनाहरु प्रशस्त रहेकोले बजार मागको आधारमा दक्ष, सीपयुक्त जनशक्ति तयार गरी बजारमा दक्ष जनशक्तिको आपूर्ति गरी भारतीय मुलुकका श्रमिक मजदुरहरुलाई विस्थापित गर्दै जानु पर्ने देखिन्छ ।

सुदूरपश्चिम प्रदेश अन्तर्गतका जिल्लाहरु मध्ये एक हो डोटी जिल्ला । डोटी जिल्लामा रहेका नौ स्थानीय तहहरु मध्येको एक स्थानीय तह हो । के.आई.सिंह गाउँपालिका साविकका दुर्गामाण्डौ, रानागाउँ, तिखात्तर, भूमारजमाण्डौ र बासुदेवी गा.वि.स. मिलेर बनेको हो । यस पालिकामा हाल ७ वटा वडा कार्यालयहरु रहेका छन् । १२७ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको पालिकामा खोलानला, नदि, पहाडी भू-भागले ओगटेको छ । यसको पूर्वमा अछाम र बोगटान फुडसिल गाउँपालिका, पश्चिममा बडीकेदार गाउँपालिका र शिखर न.पा., उत्तरमा दिपायल शिलगढी न.पा.र शिखर न .पा. र दक्षिणमा बोगटान फुडसिल गाउँपालिका रहेको छ । यसको शालाखाला अधिकतम तापक्रम ३० डिग्री र न्यूनतम तापक्रम १० डिग्री रहेको पाइन्छ । नेपाल सरकार मन्त्रीपरिषदको निर्णयबाट मिति २०७३/१२/०१ गतेको निर्णयबाट यस पालिकाको स्थापना भएको हो । यो समुद्री सतहदेखि १३८७.४५ मिटरको उचाईमा रहेको छ भने देशको संघिय राजधानी काठमाण्डौबाट करिव ८५० कि.मि.को दुरीमा रहेको छ ।

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निजी, सहकारी तथा गैरसरकारी क्षेत्रहरुमा सिर्जना हुन सक्ने रोजगारीका अवसरहरुको पहिचान गरि नाक्सांकन गर्न जरुरी छ। पहिचान भएका क्षेत्रहरुमा के कस्तो प्रकृतिको श्रमिक कति संख्यामा आवश्यक छ र त्यस्तो श्रमिकको उपलब्धताको अवस्था के छ। श्रमिकहरुको ज्ञान, सीप तथा क्षमता र बजारको मागका आधारमा आवश्यक पर्ने सीप वा दक्षताको अनुमान गरि माग र आपूर्ति बीच सन्तुलन कायम गर्नु पर्दछ । स्थानीय तहले जनसांख्यिक विवरण, रोजगारीको अवस्था र रोजगारी सिर्जना हुन सक्ने क्षेत्र तथा संख्या पहिचान गरी रोजगारीको सम्भव्यता, सीप विकास, रोजगार गन्तव्यको नक्सांकन, आप्रवासन तथा स्वरोजगारमूलक क्रियाकलाप लगायतको विश्लेषण सहितको स्थानीय रोजगार रणनीति तर्जुमा गर्नु अपरिहार्य रहेको देखिन्छ। रोजगार रणनीतिले स्थानीय तहमा रोजगारीको क्षेत्रमा रहेका अवसर तथा सम्भावनाको पहिचान, समस्याहरुको निदान र रोजगारी सिर्जनाका नवीनतम उपाय एवं विधिहरुको विकास गर्न सहयोग पुग्नेछ ।

### १.१.१ रोजगारी सम्बन्धी कानूनी व्यवस्था

नेपालको संविधान, २०७२ को धारा ३३ मा रोजगारीको हक र धारा ३४ मा श्रम सम्बन्धी हकलाई मौलिक हकको रुपमा समेटिएको छ । रोजगारीको हकमा प्रत्येक नेपाली नागरिकलाई रोजगारीको हक र रोजगारीको छनौट गर्न पाउने हक हुनेछ भनिएको छ। संविधानको धारा ५१ को खण्ड (झ) मा श्रम र रोजगार सम्बन्धी नीति समावेश गरिएको छ । जसमा सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने, श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने, बालश्रम लगायत श्रम शोषणका सबै रुपको अन्त्य गर्ने, श्रमिक र उद्यमी व्यवसायी बीच सुसम्बन्ध कायम गर्ने, वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति अंगिकार गरेको छ। प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चित गर्न, क्षमता अनुसारको रोजगारी छनौट गर्ने अवसर प्रदान गर्न तथा रोजगारीको शर्त, अवस्था तथा बेरोजगार सहायतता प्रदान गर्न रोजगारीको हक सम्बन्धी ऐन, २०७५ तथा रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ जारी भई कार्यान्वयनमा रहेको छ । रोजगारीको हक सम्बन्धी ऐन, २०७५ मा बेरोजगार ब्यक्तिलाई न्यूनतम् एक सय दिनको रोजगारीको व्यवस्था गरिएको छ।

मुलुकको जनशक्तिलाई अन्तराष्ट्रिय बजारको माग अनुरुप ज्ञान र सीप प्रदान गरि दक्ष, क्षमतावान र प्रतिस्पर्धी श्रमशक्तिको रुपमा विकास गर्दै उनीहरुको प्रवेशलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्देश्यका साथ वैदेशिक रोजगार नीति, २०६८ कार्यान्वयन भई रहेको छ। नेपालमा उपलब्ध श्रमशक्तिलाई प्रतिस्पर्धी बनाई सक्षम श्रम बजारको माध्यमद्वारा उत्पादनशील, मर्यादित एवं सुरक्षित रोजगारीमा संलग्न गराई राष्ट्रिय अर्थतन्त्रलाई सबल र गतिशील बनाई गरिबी निवारणमा योगदान पुर्याउने दुरदृष्टि रहेको राष्ट्रिय रोजगार रणनीति, २०७१ कार्यान्वयनमा रहेको छ । पन्ध्रौ योजनाले सबै नागरिकलाई मर्यादित र उत्पादनशील रोजगारीका अवसरको उपलब्धता गराउने सोंचका साथै उत्पादनशील क्षेत्रमा रोजगारी अभिवृद्धि गरि बेरोजगारी दर तथा श्रमको अल्प उपयोगमा उल्लेख्य रुपमा कमी ल्याउने लक्ष्य राखेको छ।

### १.१.२ रोजगारीको वर्तमान अवस्था

नेपाल श्रम शक्ति सर्वेक्षण, २०७४ अनुसार नेपालको बेरोजगारी दर ११,४ प्रतिशत रहेको छ भने पुरुषको र महिलाको बेरोजगारी दर क्रमशः १०.३ र १३.१ प्रतिशत रहेको छ। यसै गरी शहरमा ११.६ प्रतिशत र ग्रामीण क्षेत्रमा १०.९ प्रतिशत बेरोजगारी रहेको छ। नेपालको श्रमशक्ति सहभागिता दर ३८.५ प्रतिशत रहेको छ । यो दर शहरमा ४१.७ प्रतिशत र ग्रामीण क्षेत्रमा ३२.९ प्रतिशत रहेको छ। यसै गरी पुरुष र महिलाको श्रमशक्तिमा सहभागिता दर क्रमशः ५३.८ प्रतिशत र २६.३ प्रतिशत रहेको छ। रोजगारमा रहेको जनसंख्यालाई प्रदेश अनुसार हेर्दा सबैभन्दा बढी ४३.८ प्रतिशत बाग्मती प्रदेशमा र सबैभन्दा कम २४.१ प्रतिशत सुदुरपश्चिम प्रदेशमा रहेको छ । बेरोजगारी दरलाई प्रदेशगत रुपमा हेर्दा सबैभन्दा बढी सुदूरपश्चिम प्रदेशमा २०.१ प्रतिशत र सबैभन्दा कम बाग्मती प्रदेशमा ७ प्रतिशत रहेको छ । नेपालको सबै प्रदेशहरुमा बेरोजगारी दर फरक फरक रहेको देखिन्छ । यसको अर्थ सबै प्रदेशहरुमा रोजगारीका अवसरहरु पनि समान रुपमा रहेको देखिदैन। जसको परिणाम स्वरुप श्रम बजारको माग र आपूर्ति बीचको सन्तुलन समेत नभएको देखाउँछ । प्रदेश अनुसार श्रमशक्तिमा सहभागिता दर सबैभन्दा बढी बाग्मती प्रदेशमा ४७.१ प्रतिशत रहेको छ भने सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा २७.३ प्रतिशत रहेको छ ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस गाउँपालिकाको कुल जनसंख्या २०७३६ मध्ये पुरुष जनसंख्या ८९९० (४३.४ प्रतिशत) र महिला जनसंख्या ११७४६ (५६.६ प्रतिशत) रहेको छ। जसमध्ये १४ वर्ष वा सो भन्दा कम उमेर समूहका जनसंख्या ७७२१ (३७.२३ प्रतिशत), १५ देखि ५९ वर्ष उमेर समूहका जनसंख्या १०९०८ (५२.६० प्रतिशत) र ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका जनसंख्या २१०७ (१०.१६ प्रतिशत) रहेका छन्। के.आई.सिंह गाउँपालिकाको जनघनत्व १६३ रहेकोमा कुल परिवारको संख्या ४६८० रहेको पाईन्छ भने ६९.५ प्रतिशत साक्षरता दर रहेको छ ।

वि.सं. २१०० सम्म सबै नागरिकलाई मर्यादित र उत्पादनशील रोजगारीका अवसर उपलब्ध गराउने नेपाल सरकारको दीर्घकालीन सोंच रहेको छ भने तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने दीर्घकालीन राष्ट्रिय रणनीति रहेको छ। पन्ध्रौ योजनाले आ.व. २०८०/८१ सम्ममा श्रमशक्ति सहभागिता दर ४९ प्रतिशत र वि.सं. २१०० सम्ममा ७२ प्रतिशत पुर्याउने लक्ष्य राखेको छ । त्यस्तै आ.व. २०८०/८१ सम्ममा रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा ५० प्रतिशत र विसं २१०० सम्ममा ७० प्रतिशत पुयाउने लक्ष्य रहेको छ। हाल नेपालको बेरोजगारी दर ११.४ प्रतिशतलाई वि.सं. २१०० सम्ममा ३ प्रतिशतमा झार्ने सरकारको दीर्घकालीन लक्ष्य रहेको छ ।

## १.२ रोजगार रणनीतिको आवश्यकता/औचित्य

के.आई.सिंह गाउँपालिकामा बढ्दो बेरोजगारीको समस्यालाई समाधानका लगि आन्तरिक रोजगारीका सिर्जना गरि बाध्यातमक वैदेशिक रोजगारीलाई निरुत्साहित गर्ने तथा रोजगारीका पर्याप्त अवसर सृजना नहुँदा वर्षेनी ठुलो संख्यामा युवाशक्ति रोजगारका लागि विदेशिनु पर्ने अवस्थालाई ध्यानमा राखि संविधानमै उल्लेख गरेको रोजगारीको हकको व्यवस्था लाई कार्यान्वयन गर्न विभिन्न नीति, ऐन, र कानूनहरु कार्यान्वयनमा रहेका छन । संविधान, ऐन तथा कानूनले निदिष्ट गरेका व्यवस्थालाई नागरिकको

जिवनस्तरमा सुधार गर्न तय गरिएका कार्यक्रमलाई अपेक्षित प्रभावकारी भएको पाइदैन। गाउँपालिकामा संचालित प्रधानमन्त्री रोजगार कार्यक्रम यस स्थानीय तहमा पनि विगत ५ वर्ष देखि कार्यान्वयनमा रहेको छ। त्यस्तै रोजगारी सिर्जना हुने अन्य कार्यक्रम पनि रहेका छन तर स्थानीय तहमा श्रोत साधनलाई एकिकृत गरि परिचालन गरिएमा नागरिकलाईलाई रोजगारीको हक सुनिश्चित गर्न मदत पुग्ने हुनाले रणनीति आवश्यक हुन पुगेकोछ।

## १.३ अध्ययन पद्धति

**क) बिद्यमान जनशक्तिको र आवश्यक जनशक्तिको पहिचान**

गाउँपालिकामा बिद्यमान जनशक्तिको विवरण द्रुत लेखाजोखा विधीबाट पहिचान तथा संकलन गरिनेछ। यसका लागि लक्षित समूह छलफल स्थानीय तहका रोजगारदाता वा सम्भावित रोजगारदाता ब्यवसाय, उद्योग प्रतिष्ठानको स्थलगत भ्रमण तथा सम्बन्धित सरोकारवालाहरुसंग प्रश्नावलीको प्रयोग गरि विवरण संकलन गरिनेछ। यसका लागि स्थानीय तहको रोजगार रणनीति निर्माण सम्बन्धी मार्गदर्शन, २०८० को अनुसूची २ र ३ को सर्भेक्षण फारामको प्रयोग गरिनेछ। यसबाट पालिकास्तरमा बिद्यमान जनशक्ति, उनीहरुको सीप तथा दक्षता, अनुभव आदिको पहिचान गर्ने र वर्तमान समय र आगामी बर्षहरुमा आवश्यक पर्नसक्ने जनशक्तिको अनुमानित संख्या, आवश्यक पर्न सक्ने सीप, ज्ञान तथा दक्षताको पहिचान गरिनेछ।

**ख) योजनाको लक्ष्य, उद्धेष्य, नीति, रणनीतिको निर्धारण**

यसका लागि गाउकार्यपालिका, अध्यक्ष, उपाध्यक्ष, लगायतका सम्बन्धित सरोकारवाला निकायको जानकार ब्यक्तिहरु, बिद्यालयका प्रधानाध्यापक, सहकारीका प्रतिनिधी रोजगारदाताका प्रतिनिधी, बिषयगत शाखाका प्रमुखहरुको सुझावलाई संकलन गर्दै बिद्यमान कानुनी दस्तावेज,संघीय तथा प्रादेशिक तहका योजना, नीति, रणनीति, दीर्घकालीन लक्ष्य, राष्ट्रिय रोजगार नीति लगायतका श्रोत सामाग्रीहरुको अध्ययन गरी सोमा सामञ्जस्यता र अन्तर्सम्बन्धित रहेर राष्ट्रिय लक्ष्य तथा उद्धेश्य पूरा गर्नका लागि पक्षपोषण हुने गरी राणनीतिक योजनाको लक्ष्य, उद्धेश्य, नीति, रणनीतिहरुको निर्धारण गरिनेछ।

**ग) बिद्यमान जनशक्ति र आवश्यक जनशक्ति बीचको फरक पहिचान**

पालिकास्तरमा रहेको जनशक्ति र सीपको अवस्थाको जानकारी र भविष्यमा आवश्यक देखिएको जनशक्ति तथा सीपको विवरण बुंदा नं. क अनुसार प्रप्त गरी सोको अन्तर बिश्लेषण गरि सोको परिपूर्तिका लागि आवश्यक रणनीति, कार्ययोजना तथा श्रोत साधनको सिफारिस गरिनेछ।

**घ) जनशक्ति योजना :**

जनशक्ति फरक पहिचान पश्चात स्थानीय स्तरमा आवश्यक जनशक्तिको अल्पकालीन तथा दीर्घकालीन जनशक्ति योजनाको तर्जुमा गरि जनशक्ति प्राप्तिको योजना निर्माण गरिनेछ।

**ङ) श्रोतको अनुमान तथा प्रक्षेपण**

स्थानीय तहमा चालु आ.व. र आगामी ५ बर्षसम्म आवश्यक पर्ने जनशक्ति विकास, स्वरोजगारी-रोजगारी सृजना, श्रम बजारको ब्यवस्थापन लगायतका क्षेत्रमा आवश्यक पर्ने श्रोत र साधनको प्रक्षेपण सहितको रणनीति तर्जुमा गरिनेछ।

**च) कार्यान्वयन, अनुगमन, मूल्यांकन संरचना निर्माण**

योजनाको प्रभावकारिता यसको कार्यान्वयन पक्षमा निर्भर गर्ने हुँदा यसको लक्ष्य र उद्धेष्य र कार्ययोजना अनुसारको कृयाकलाप सञ्चालन गरिनु तथा सञ्चालित गतिविधीको नियमित अनुगमन र समय समयमा आवधिक समीक्षा मूल्यांकन एवं तथा देखिएका कमी कमजोरीहरुलाई सुधार गरि पुनः कार्यान्वयनमा ल्याउनका लागि एक संस्थागत संरचनाको निर्माण गरि काम, कर्तब्य र अधिकारको स्पष्ट ब्यवस्था गरिनेछ।

छ) **योजना कार्यान्वयन कार्ययोजना निर्माण**

योजनाको तर्कबद्ध खाका तयारी पश्चात श्रोत र साधनको सिमितता र कार्यक्रमको आवश्यकताको आधारमा बार्षिक कार्ययोजनाको निर्माण गरी सोही अनुसारको श्रोत र साधनको व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

ज) **योजना समीक्षा तथा परिमार्जन**

योजनाको प्रभावकारी उपलब्धि हासिल गर्नका लागि समीक्षा तथा देखिएका कमी कमजोरीलाई सुधार गर्दै अघि बढ्नुपर्ने हुन्छ । जनअपेक्षा अनुसारको लक्ष्य र कृयाकलापहरुलाई सम्बोधन र समायोजन गरी समयानुकुल परिमार्जन, सुधार गर्नुपर्ने देखिन्छ । आर्थिक वातावरण तथा प्रविधीले ल्याएको परिवर्तनलाई पछयाउदै आर्थिक विकासका नयाँ नयाँ चुनौतिहरुको सम्बोधन गर्न र समृद्धिका नयाँ आयामहरुको पहिचान तथा अनुसरण गर्न तत्पर रहन गाउँपालिकालाई सक्षम गराउनका लागि सुधार र परिमार्जन गर्नुपर्ने हुन्छ ।

## १.४ अध्ययनको क्षेत्र

के.आई.सिंह गाउँपालिकाको रोजगार रणनितिले आन्तरिक रोजगारीको अवस्था सीप विकास तालिम तथा बैदेशिक रोजगार सम्बन्धी क्षेत्रको व्यवस्थित र तथ्यपरक अध्ययनसँग सम्बन्ध राख्दछ ।यस रोजगार रणनितिलका क्षेत्रहरु देहाए बमोजिम रहेका छन ।

क) कृषि क्षेत्र
ख) उद्योग
ग) पर्यटन क्षेत्र
घ) निर्माण क्षेत्र
ङ) उत्पादन क्षेत्र
च) सूचना प्रविधी क्षेत्र
छ) शिक्षा तथा स्वास्थ्य
ज) जलश्रोत, सिंचाई तथा उर्जा क्षेत्र

## १.५ सीमाहरु

यस रणनीतिक योजनाको तयारीका क्रममा सम्भावना, अनुमानको बिशेष रुपमा ख्याल गरी भविष्यमा आउन सक्ने समस्या, चुनौतीहरुलाई सम्बोधन गर्नका लागि पूर्वसावधानीलाई महत्व दिई तयार गरिनेछ । सकेसम्म यथार्थको नजिक, बस्तुनिष्ठ र रोजगारमैत्री र जनअपेक्षा अनुसारका योजना निर्माणको लागि बिशेष ध्यान दिइएतापनि यसको तर्जुमा कार्यान्वयनको चरणमा समेत निम्नानुसारको सीमाहरु रहन सक्ने सम्भावनालाई नकार्न सकिदैन । ती सीमाहरु तपशिल अनुसार रहेका छन् :-

**१) बाह्य वातावरणको अनिश्चितता**

पालिकाको नियन्त्रणमा नरहने बाह्य वातावरण्को एक्काशी आउन सक्ने परिवर्तनले यसको प्रभावकारी योजना निर्माण र कार्यान्वयनमा समेत प्रभावित गर्ने गर्दछ । देशको आर्थिक अवस्थामा ठूलो परिवर्तन, प्रविधी र श्रम बजारमा आउन सक्ने उतार चढाव आदिले पनि योजना तर्जूमाको लक्ष्य र यसको कार्यान्वयनमा प्रभावकारिता तथा उपलब्धिमा कमी आउन सक्ने देखिन्छ ।

**२) गाउँपालिकाको प्राथमिकताको बिषयमा हुनसक्ने परिवर्तन**

गरिबी एक अन्तर्सम्बन्धित विषय हो र गरिबीको कारक तत्व खराब आर्थिक अवस्था हो । गाउँपालिकाको अन्तिम लक्ष्य गरिबी निवारण र आर्थिक समृद्धिको प्राप्ति भएता पनि गाउपालिकाको प्राथमिकताका बिषयहरु परिवर्तन हुन

सक्ने हुँदा यो रणनीति कम प्राथमिकतामा पर्न जाने देखिन्छ । जस्तै चरम आर्थिक उतार चढाव, प्रकोपको तिब्र असर आदि कारण लगायतले गर्दा यस क्षेत्र कम प्राथमिकतामा पर्न सक्ने सीमा रहन्छ । वा गाउपालिकाको राजनैतिक संरचनामा अनायास आउन सक्ने परिवर्तन, प्रशासनिक फेरवदल आदिले यस योजना तर्जुमाको चरण र कार्यान्वयनमा सीमितता ल्याउन सक्ने हुन्छ ।

**३) अनुभव र सुझावहरुमा सत्यता र यथार्थताको कमीको सम्भावना**

यो योजना तर्जुमाको शिलशिलामा अपनाइएका विधीहरुमध्ये ब्यक्तिगत प्रश्नावली, सर्भेक्षणका माध्यम, समूहगत छलफल, रोजगारदाताहरुसंको सूचना तथा सुझाव संकलन, नीति निर्माण तहका सुझावहरु, सरोकारवालाहरुसंगको सूचना संकलन, अन्तर्वार्ता आदिबाट यथार्थ सूचना तथा तथ्यांकहरु प्राप्त नहुन सक्ने सीमा रहन्छ । यसमा बिचार र अनुभव सूचना तथा सुझावहरु रहेकोले उनिहरुको एकाग्रता, शिक्षा र चेतानमा हुन सक्ने कमी, भावनात्मक पूर्वाग्रह, प्रश्नकर्ताको शैली, बुझाईमा भिन्नता आदि तत्वहरुले यस अध्ययनलाई सिमीत गर्नेछ । यसरी अनुभवजन्य सूचना तथा तथ्यांकका कारणले यसको सत्यतामा नजिक पुग्न सिमीत गर्नेछ ।

**४) भविष्यको अनुमान गर्ने सम्बन्धी सीमा**

देशको वा गाउँपालिकाको आर्थिक अवस्थामा नीतिमा आउन सक्ने ठूला खालको परिवर्तन, कानूनी ब्यवस्थामा आउन सक्ने परिवर्तन, प्रविधीले जन्माउन सक्ने बिचलन आदिले ब्यवसायिक वातावरणमा अनायशै परिवर्तन ल्याउन सक्ने र श्रम बजारलाई पनि आमुल परिवर्तन ल्याउन सक्ने हुँदा योजना तर्जुमाको समयमा अनुमान गरिएका भन्दा फरक अवस्थाको सृजना हुँदा हालको तथ्यांक र अनुमान फरक पर्न गई योजनालाई सिमित गराउन सक्तछ ।

**५) परिवर्तन प्रतिको अनिच्छा**

योजना तर्जुमा र कार्यान्वयनका चरणमा कार्यालयको संस्थागत परिवर्तन, कार्यप्रक्रिया, पद्धति वा संस्कार आदिमा सुधार वा परिवर्तन आदि गर्नु आवश्यक हुन्छ । त्यसप्रति कर्मचारी वा जनसमुदायमा पनि अनिच्छा वा असमझदारी उत्पन्न हुन सक्ने हुंदा यसले योजना तर्जुमाको चरण र कार्यान्वयनको चरणमा समेत प्रतिरोध आउन सक्ने देखिन्छ ।

**६) अपूर्ण सूचना तथा तथ्यांकहरुको प्राप्ति**

योजना तर्जुमाको शिलशिलामा तथ्यांक तथा सुचनाहरु संकलन गर्नका लागि तयार गरिएको अनुसूचीहरु, सुझाव संकलन फारामहरुमा पूर्ण सूचना प्राप्त नहुनु, उत्तरदाताको शिक्षा र चेतनाको स्तर वा मनोभावना, आग्रह वा पूर्वाग्रहको ले फरक पार्ने हुँदा उत्कृष्ट योजना तर्जुमा पद्धतिमा सिमितता गरिदिन सक्तछ । गलत वा अपूर्ण सुचना, तथ्यांक तथा सुझावहरुले योजना तर्जुमा पद्धतिलाई गलत दिशातर्फ लाने जोखिम रहने र यसको उपलब्धिमा समेत सिमितता प्रदान गर्ने हुन्छ ।

**७) श्रोत र साधनको अपर्याप्तता**

स्थानीय सरकारका यावत समस्या र जनआकांक्षाहरु रहनु स्वभाविक रुपमा लिइन्छ । आन्तरिक श्रोत साधनको कमी रहनु तर सम्पादन गर्नु पर्ने कार्यहरुको मात्रा बढी हुने हुँदा योजना तर्जुमाको शिलशिलामा समय, श्रोत, बिज्ञताको कमी हुन गई यसको बिशिष्टतामा कमी आउने र कार्यान्वयनको चरण समेत गम्भिर असर गर्न सक्ने देखिन्छ ।

**८) श्रम बजारमा एक्काशी आउन सक्ने परिवर्तन र प्रविधीको तिब्र विकास**

देशको आर्थिक अवस्था तरल र अनिश्चित रहेको वर्तमान सन्दर्भमा यस योजना तयारीको क्रममा नै एक्काशी कुनै राजनितिक परिवर्तन वा सामाजिक बिश्रृंखलता, प्रविधीमा एक्काशीको विकास वा गिरावट, श्रम बजारमा आउन सक्ने अनपेक्षित उतारचढावले यो योजना निर्माणका साथै कार्यान्वियन चरणलाई समेत सिमित गरिदिन सक्तछ।

**९) श्रमको मागमा आउने सक्ने विविधता**

प्रविधीको होडवाजी र छिमेकी राष्ट्र एवं अन्य राष्ट्रहरुको अनुकरणका कारण वर्तमान समाजको उपभोगको प्रवृति, परिवर्तन, संस्कार, चालचलन आदिमा आउने परिवर्तन आदिले उपभोक्ताको मागमा आउने परिवर्तनले उत्पादनमा समेत परिवर्तन आउन सक्ने र श्रमिकको माग एवं आपूर्तिमा समेत परिवर्तन आउन सक्ने, उनीहरुको सीप र दक्षताको स्तरमा समेत परिवर्तन ल्याउन सक्ने देखिन्छ। यसले श्रमिकको आपुर्ति र उनिहरुको प्रकृतिमा, आवश्यक पर्ने सीप, दक्षता, बिज्ञतामा समेत फरबदल हुने हुँदा यस प्रकारको अनुमान लगाउन कठिन हुन जान्छ र यस योजना र योजनाको कार्यान्वियनमा समेत सिमितता ल्याउने हुन्छ।

**१०) आधार तथ्यांकको अभाव**

यस प्रकारको योजना तर्जुमाको लागि वडा तहसम्मको तथ्यांकको जरुरत पर्ने हुन्छ। तर गाउपालिकातहमा वडा तहको आपर्थक सर्भेक्षण नहुनु र केन्द्रिय तहमा राष्ट्रिय तथ्यांक कार्यालयले पनि वडा तहको तथ्यांक प्रकाशित नगरेको हुनाले तथ्यांकको अभाव रहेको छ। हाल नमूना सर्वेक्षण विधीको प्रयागले तथ्यांकको नतिजा शतप्रतिशत यथार्थ हुन सक्तैन। आधार बर्षको तथ्यांक प्राप्त गर्नका लागि निकै कठिन देखिएकाले यसबाट प्राप्त नतिजा सत्यताको नजिक मात्र हुन सक्ने हुन्छ।

माथि उल्लेखित सीमाहरुलाई योजना तर्जुमाको क्रममा उच्चतम सतर्कताका साथ बिचार गरिनेछ र कार्यान्वयनका सन्दर्भमा पनि सम्बन्धित पक्षले यसलाई ख्याल गरि कार्यान्वियमा लान सकेमा यसको प्रभावकारिता तथा उपलब्धिलाई उच्चतम प्राप्ति गर्न सकिन्छ।

## १.६ रणनीतिक योजनाको स्वरुप

प्रस्तुत पञ्चवर्षिय रणनीतिक योजनाको स्वरुप देहाय बमोजिकमको हुनेछ।

दुरदृष्टि

**ध्येय**

**उद्देश्य**

**रणनीति**

**कार्यनीति**

**कार्यक्रम/क्रियाकलाप**

# खण्ड-२

## वर्तमान अवस्थाको विश्लेषण (Current situation Analysis)

कुनै पनि पक्षको भविष्यको कार्यदिशालाई निर्धारण गर्नका लागि वर्तमान पृष्ठभूमीको ज्ञान हुनु अनिवर्य हुन आउदछ । यस के.आई.सिंह गाउँपालिकाको वर्तमान रोजगारी,भू-उपयोगको अवस्था,माटो तथा वन जंगलको अवस्था र शिक्षा, स्वास्थ्य,यातायात,संचार तथा रोजगारी तथा स्वरोजगारीको अवस्था निम्न हनुसारको रहेको छ ।

| राष्ट्रिय जनगणनाका २०७८को आधारमा हाम्रो गाउँपालिकाको जम्मा जनसंख्या वडागत रुपमा | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं. १ | | वडा नं. २ | | वडा नं. ३ | | वडा नं. ४ | | वडा नं. ५ | | वडा नं. ६ | | वडा नं. ७ | |
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| १३१९ | ९९९ | १७५९ | १३६९ | १९८५ | १५४५ | २३४४ | १७७१ | १७४४ | १२५२ | १३५८ | ९९३ | १२३७ | १०६१ |
| २३१८ | | ३१२८ | | ३५३० | | ४११५ | | २९९६ | | २३५१ | | २२९८ | |

**के. आ. सिंह गा .पा को कुन जनसंख्या :२०७३६**

**घरपरिवार :- ४६८०**

**श्रम योग्य जनसंख्या :१०९०८**

**के.आई.सिंह गाउँपालिकामा कार्यरत कर्मचारी विवोरण**

**प्रमुख प्रशासकीय अधिकृत** : १ जना

| क्र.स | शाखा कार्यालय | जम्मा कर्मचारी | स्थानीय कर्मचारी | अन्य स्थानीय कर्मचारी |
|---|---|---|---|---|
| १ | शिक्षा युवा तथा खेलकुद शाखा | १ | १ | ० |
| २ | कृषि बिकास शाखा | ९ | ८ | १ |
| ३ | पशु बिकास शाखा | ४ | ३ | १ |
| ४ | रोजगार सेवा केन्द्र | ३ | २ | १ |
| ५ | प्रशासन शाखा | २ | २ | |
| ६ | पन्चिकरण शाखा | २ | २ | |
| ७ | सुचना प्रविधि शाखा | १ | १ | |
| ८ | जिन्सी शाखा | १ | | १ |
| ९ | लेखा तथा आ .ले .प शाखा | २ | | २ |

| | | | | |
|---|---|---|---|---|
| १० | सवास्थ्य शाखा | २ | १ | १ |
| ११ | का . स | १० | १० | |
| १२ | गा .पा ड्राइभर | ३ | २ | १ |
| १३ | पाले | ० | | |
| १४ | उद्यम विकास शाखा | २ | | २ |
| १५ | प्राबिधिक शाखा | ७ | ३ | ४ |
| | जम्मा | ४१ | २७ | १४ |

| गाउँपालिकाको वर्तमान रोजगारीको अवस्था | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| वडा कार्यालय अनुसारको विवंरण | | | | | | | | | |
| | वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ५ | वडा नं. ६ | वडा नं. ७ | जम्मा | कैफियत |
| जम्मा बिधालयको संख्या | ४ | ७ | ८ | ७ | ४ | ५ | ३ | ३८ | |
| जम्मा संख्या | २१ | ३२ | २५ | ३३ | २८ | २६ | ६ | १७१ | |
| स्थानीय शिक्षक संख्या | १८ | २९ | २३ | २५ | २२ | २२ | ४ | १४३ | |
| अन्य स्थानबाट | ३ | ३ | २ | ८ | ६ | ४ | २ | २८ | |
| स्वोस्थ्यचौकी इकाई | १ | १ | १ | १ | १ | १ | १ | ७ | |
| जम्मा कर्मचारी | १ | ४ | ४ | ७ | ४ | ४ | २ | २६ | |
| स्थानीय कर्मचारी | | ३ | १ | २ | ३ | २ | १ | १२ | |
| अन्य स्थानीय | १ | १ | ३ | ५ | १ | २ | १ | १४ | |
| वडा कार्यलयमा कार्यरत जम्मा कर्मचारी | २ | ३ | ३ | ३ | ३ | ३ | ३ | २० | |
| स्थानीय कर्मचारी | १ | २ | ३ | २ | ३ | ३ | ३ | १७ | |
| अन्य स्थानीय | १ | १ | | १ | | | | ३ | |
| बैंक | | | | ४ | | | | ३ | |
| जम्मा कर्मचारी | | | | | | | | १७ | |
| स्थानीय कर्मचारी | | | | | | | | ६ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| अन्य स्थानीय | | | | | | | | ११ | |
| सहकारी संस्था | १ | १ | १ | १ | १ | ३ | | ८ | |
| जम्मा कर्मचारी | | | | | | | | १० | |
| स्थानीय कर्मचारी | | | | | | | | १० | |
| अन्य स्थानीय | | | | | | | | | |
| आयुर्बेद शाखा | | | | | | | | १ | |
| जम्मा कर्मचारी | | | | | | | | १ | |

### गाउँपालिका भित्र रहेका उधोगहरुको संख्या

| वडा कार्यालय | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| डेरी उधोग | १ | १ | १ | १ | १ | १ | १ | ७ | |
| कुटानी पिसानी तथा पेलानी उधोग | २ | ३ | १ | २ | ४ | १ | २ | १५ | |
| आरनसंग सम्बन्धित व्यवसायी | ३ | ३ | ३ | ३ | ३ | ४ | ३ | २२ | |

## रोजगार सेवा केन्द्रमा दर्ता भएका बेरोजगार व्यक्तिहरुको अवस्था

| आर्थिक बर्ष | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
|---|---|---|---|---|---|
| बेरोजगार संख्या | ४८१ | १२५६ | १४०६ | ९१४ | १०९५ |
| न्युनतम रोजगारमा संगग्न संख्या | २०३ | ३०७ | २९१ | ९८ | ७५ |

# खण्ड -३

## रणनैतिक विश्लेषण (Strategic Analysis)

यस गाउँपालिका भित्र रहेका रोजगारीका क्षेत्रहरु र अवसरहरु पहिचान, श्रोत साधनको उच्चतम प्रयोग गरि देशमा बढ्दो क्रममा रहेको बेरोजगारी र गरिवी समस्यालाई न्यूनिकरण गर्न संघीय सरकार, प्रदेश र स्थानीय सरकारले विभिन्न कार्यक्रम कार्यान्वयन भएका तर उपलब्धिमूलक नभएको अवस्था रहेको छ ।संघीय सरकारको रोजगार नीतिलाई आत्मसाथ गरि तिन वटै तहबाट प्राप्त श्रोत साधन जनशक्तिलाई उत्पादनशिल रोजगार मार्फत नागरिकको जिवनस्तरमा सकारात्मक प्रभाव पार्न, आन्तरिक रोजगारीमा संलग्न हुन चाहने नागरिकको उच्च सम्मान गर्न, सीपयुक्त जनशक्तिलाई श्रममा आवद्ध गर्न र पुर्वाधार मात्र न्युनतम रोजगारी पाउने कानूनी व्यवस्थाले मात्र रोजगारीका संख्या बढाउन नसकिएको अवस्थामा, बर्षेनी सयौ बेरोजगार नागरिक बैदेशिक रोजगारोमा गई रहेका बर्तमान चुनौतीलाइ आत्मसाथ गरि आन्तरिक रोजगारीका नँया क्षेत्र पहिचान गरि स्थानीय तहको श्रोत साधनलाई रोजगारीका क्षेत्रमा उपयोग गरी बेरोजगार व्यक्तीहरुलाई गाउँघरमै बस्ने बातावरण तयार गर्न रणनीति योजनाले मार्ग निदेर्शन गर्ने अपेक्षा राखिएको छ ।

- बेरोजगार नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नु ।
- सीपयुक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु ।
- श्रोत साधनलाई एकिकृत गरि रोजगारीमा केन्द्रित गर्नु ।
- संघीय श्रम तथा रोजगार नीतिलाई उपलब्धिमूलक बनाउनु ।
- बेरोजगार युवाहरुलाई आय आर्जनमा केन्द्रित गराउनु ।
- बैदेशिक रोजगारबाट फर्केका युवाहरुको सिप,पूजीलाई प्रयोग गरी थप रोजगारी सृजना गराउनु ।
- रोजगारीको माग र आपुर्तिको ढाँचा तयार गर्नु ।
- बैदेशिक रोजगारलाई सुरक्षित उपलब्धिमूलक बनाउन परार्मश सेवा सेवा संचालन गर्नु ।

# खण्ड -४

## रणनैतिक सवालहरु (Strategic issues)

आफ्नो गाउँपालिका भित्र विभिन्न किसिमका रोजगारीका अवसरहरु सृजना गरी रोजगारीमा संलग्न हुन चाहने लक्षित वर्गहरुको पहुँचमा अभिबृद्धि गरी संविधानमा उल्लेख गरेको रोजगारीको हक र श्रमिकको हकलाई सुनिश्चित गर्न तिनै तहका सरकारले नसकीरहेको अवस्थामा प्रत्येक स्थानिय तहले आफ्नो पालिका भित्र रहेका रोजगरीका क्षेत्रहरुको पहिचान गरी रोजगारीमा संलग्न हुन चाहने व्यक्तिहरुलाई रोजगारीमा खटाउनु पर्ने मूख्य चुनौती रहेको छ । कुनै पनि कुरा सृजना हुनको पछाडी कुनै कारण बिधमान रहेको हुन्छ । यस रणनैतिक योजन निर्माण गर्नुको कारण रणनैतिक योजन निर्माण गर्न घच्घच्याउने तत्वो नै रणनैतिक सवाल हुन् । अत: रोजगार रणनैतिक निर्माणका सवालहरु देहायबमोजिम रहेका छन् ।

- नेपालको संबिधान २०७२ को भाग ३ मौलिक हकको धारा ३३ मा रहेक रोजगारीको हक र धारा मा ३४ रहेको श्रम सम्बन्धि हक ।
- रोजगारको हक सम्बन्धि ऐन २०७५, रोजगारीको हक सम्बन्धि नियमावली २०७५, प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ ।
- स्थानिया तहको रोजगार रणनीति सम्बन्धि मागदर्शन २०८०, राष्ट्रिय रोजगार निति
- २०७८ को जनगणना तथा आर्थिक गणना आवधिक योजना ।
- युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (संचालन तथा ब्यस्थापन कार्यविधि २०७९)।
- रोजगारीको हक कार्यान्वयनलाई प्रभावकारी बनाउन स्थानिय तहको अपनत्व लिन र रोजगार कार्यक्रमलाई उपलब्धिमुलक बनाउन ।
- आन्तरिक रोजगारी सृजनामा एकिकृत श्रोत साधन परिचालन गर्न ।
- आन्तरिक रोजगारीका अवसरहरुमा बृद्धि गर्न ।
- बैदेशिक रोजगारीलाई मर्यादित र सफल बनाउनु ।
- दिगो रोजगारीका अवसरहरु पहिचान गर्नु ।
- उद्यमशिलता विकास मार्फत जिवनस्तरमा सुधार ल्याउनु ।

# खण्ड - ५

## दुरदृष्टि, ध्येय र उद्धेश्य

## (Long-term Vision, Mission and objective)

### ५.१ दूरदृष्टि (Long-Term Vision)

***"कृषि, स्वास्थ्य, शिक्षा, पर्यटनर रोजगार, के.आई.सिंह विकास निर्माणको आधार "*** रणनीतिक योजनाको दिर्घकालिन सोच हुनेछ।

### ५.२ रणनीतिको लक्ष्य (Strategic Vision)

पालिका भित्र आन्तरिक रोजगारीका अवसरहरुको पहिचान र सृजना गरि सोही अनुरुपको प्रतिस्पर्धात्मक दक्ष र क्षमतावान जनशक्ति उत्पादन गरि श्रम बजारको मागलाई आपूर्ति गर्ने।

### ५.३ रणनीतिक उद्देश्यहरु (Strategic Objectives)

गाउँपालिकाको रोजगार रणनीति तर्जूमा भई कार्यान्वयन पश्चात स्थानिय तहले संघ र प्रदेशको रोजगार रणनीतिलाई समेत प्रत्यक्षरुपमा सहयोग पुर्याउदै गाउँपालिकाले देहाय बमोजिमका नतिजा पर्प्त गर्न सक्षम हुनेछ।

- सार्वनिक विकास निर्माणका साथै कृषि उत्पादन,बजारीकरण,उद्यमशिलता,पशुपालन, तरकारी तथा फलफुल खेती मार्फत उत्पादनशिल रोजगारी सुनिश्चित गर्नु।
- बजारको माग र आवश्यक्ता अनुसारको सिप पहिचान गरी सिपयुक्त जनश्कति उत्पादन गरी उपयोग गर्नु।
- बैदेशिक रोजगारीमा जान चाहने ईच्छुक युवाहरुलाई सिप,अभिमुखीकरण र परामर्श दिई दक्ष र प्रतिस्पर्धी बनाई सुरक्षित र मर्यादित रोजगारीमा पठाउनु।
- बाल श्रम र समान कामको समान ज्यालाको विभेद लागायत सबै प्रकारका श्रम शोषणहरुको अन्त्य गर्नु।
- बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको श्रम,सिप र पूँजीको उत्पादनसिल कार्यमा प्रयोग गर्नु।
- रोजगारमुलक सेवालाई सफल, सक्षम, प्रतिस्पर्धी र उपलब्धिमुलक बनाउनु ।

### ५.४ रणनीतिका प्राथमिकताहरु

- सार्वनिक विकास निर्माणका साथै कृषि उत्पादन,बजारीकरण,उद्यमशिलता,पशुपालन, तरकारी तथा फलफुल खेती मार्फत उत्पादनशिल रोजगारी सुनिश्चित गर्ने।
- बजारको माग र आवश्यक्ता अनुसारको सिप पहिचान गरी सिपयुक्त जनश्कति उत्पादन गरी उपयोग गर्ने।

- बैदेशिक रोजगारीमा जान चाहने ईच्छुक युवाहरुलाई सिप,अभिमुखीकरण र परामर्श दिई दक्ष र प्रतिस्पर्धी बनाई सुरक्षित र मर्यादित रोजगारीमा पठाउने ।
- बाल श्रम र समान कामको समान ज्यालाको विभेद लागायत सबै प्रकारका श्रम शोषणहरुको अन्त्य गर्ने ।
- बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको श्रम,सिप र पूँजीको उत्पादनसिल कार्यमा प्रयोग गर्ने ।
- रोजगारमुलक सेवालाई सफल, सक्षम, प्रतिस्पर्धी र उपलब्धिमुलक बनाउने ।

## ५.५ रणनीतिका मूल्य र मान्यताहरु

रणनीतिक योजनाको दिर्घकालिन सोच,लक्ष्य तथा उद्देश्यहरुलाई हिँल गर्नको लागि देहाय बमोजिमका मूल्य तथा मान्यताहरुलाई आत्मसात गरी रणनीति कार्यान्वय गरिनेछ ।

- निष्ठा र सदाचारिता
- उत्पादकत्व र सृजनसिलता
- उत्तरदायित्व र जवाफदेहिता
- सकारात्मक सोच
- पारदर्शिता
- व्यवसायिकता
- निष्पक्षता
- सहभागिता

## खण्ड - ६

## रणनैतिक लक्ष्यहरु (Strategies goals)

- आन्तरिक रोजगारीका अवसरहरुमा बृद्धि गर्नु ।
- प्रतिस्पर्धी र सिपयुक्त जनशक्ति तयार पार्नु ।
- श्रम बजारका भेदभावहरुलाई न्यूनीकरण गर्नु ।
- पूँजी र प्रविधिलाई उपयोग गरी अर्थतन्त्र बलियो बनाउनमा सहयोग गर्नु ।
- बेरोजगार नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नु ।
- सीपयुक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु ।
- श्रोत साधनलाई एकिकृत गरि रोजगारीमा केन्द्रित गर्नु ।
- संघीय श्रम तथा रोजगार नीतिलाई उपलब्धिमूलक बनाउनु ।
- बेरोजगार युवाहरुलाई आय आर्जनमा केन्द्रित गराउनु ।
- रोजगारीको माग र आपुर्तिको ढाँचा तयार गर्नु ।
- लघु उद्यम विकासलाई स्वरोजगारमा केन्द्रित गराउनु ।
- बैदेशिक रोजगारलाई सुरक्षित उपलब्धिमूलक बनाउन परार्मश सेवा सेवा संचालन गर्नु ।
- बैदेशिक रोजगारीबाट फर्किएका युवालाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु
- कृषि बनपैदावर उद्योग तरकारी, फलफुल खेति, मसाला बाली,जडिबुट्टि मार्फत दीगो रोजगारलाई सुनिश्चित गर्नु ।

# खण्ड - ७

## रणनैतिक स्तम्भ/ प्रमुख रणनीतिहरु (Major Strategies)

### ७.१ रणनीतिक स्तम्भ

गाउँपालिकाको रणनीतिक सोच,लक्ष्य र उद्देश्य प्राप्तिका लनगि निम्न अनुसारका रणनीतिक आधार स्तम्भहरु पहिचान गरिएको छ। पञ्चवर्षिय रणनितिक योजनाको उचित तथा प्रभावकारी तवरले कार्यान्वयन गर्नको लागि प्रत्येक रणनीतिक स्तम्भ अन्तर्गत विभिन्न किसिमका रणनिति,कार्यनीति र कार्ययोजनाहरु तय गरिएको छ।

**स्तम्भ:-१**: आन्तरिक रोजगारी सृजना तथा प्रर्वद्धन

**स्तम्भ:-२**: सिपयुक्त जनशक्ति उत्पादन

**स्तम्भ:-३**: बैदेशिक रोजगारीलाई सहजीकरण

**स्तम्भ:-४**: सुशासन,समन्वय र सहकार्य

### ७.२ रणनीति तथा कार्यनीतिहरु

| रणनीतिक स्तम्भ नं. १<br>आन्तरिक रोजगारी सृजना तथा प्रवर्द्धन | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
